# अभिव्यक्ति स्वतन्त्रता संरक्षणका लागि सुरक्षा संयन्त्र गठन तथा कार्यविधि सम्बन्धी निर्देशिका, २०७५


## राष्ट्रिय मानव अधिकार आयोग

हरिहरभवन, ललितपुर, नेपाल

२०८०

# अभिव्यक्ति स्वतन्त्रता संरक्षणका लागि सुरक्षा संयन्त्र गठन तथा कार्यविधि सम्बन्धी निर्देशिका, २०७५

(पहिलो संशोधन)

राष्ट्रिय मानव अधिकार आयोग
**हरिहरभवन, ललितपुर, नेपाल**
२०८०

# अभिव्यक्ति स्वतन्त्रता संरक्षणका लागि सुरक्षा संयन्त्र गठन तथा कार्यविधि सम्बन्धी निर्देशिका, २०७५

शुरु पारित मिति : २०७५/१२/२५

पहिलो संशोधन मिति:२०८०/९/२९

## विषयसूचि


| **क.सं.** | **विषय** | **पेज नं.** |
|---|---|---|
| **परिच्छेद- १ प्रारम्भिक** | | |
| १ | संक्षिप्त नाम र प्रारम्भ | २-३ |
| २ | परिभाषा | |
| **परिच्छेद- २ सुरक्षा संयन्त्र सम्बन्धी व्यवस्थ** | | ३-९ |
| ३ | सुरक्षा संयन्त्र गठन<br>सुरक्षा संयन्त्रमा देहायका अङ्गहरू<br>निर्देशक समिति (Direction Committee)<br>कार्यसमूह (Task Force)<br>द्रूत उद्धार टोली (Rapid Response Team–RRT) | |
| ४ | सुरक्षा संयन्त्र स्थापनाको उद्देश्य | |
| ५ | निर्देशक समितिका पदाधिकारीहरू | |
| ६ | निर्देशक समितिको बैठक | |
| ७ | निर्देशक समितिका सदस्यहरूका लागि आचार संहिता | |
| ८ | कार्य समूह | |
| | द्रूत उद्धार सञ्जाल | |
| १० | द्रूत उद्धार टोली | |
| ११ | कार्य समूह र द्रूत उद्धार टोलीका लागि आचार संहिता | |
| १२ | सुरक्षा संयन्त्र अङ्गका अधिकारहरू | |
| **परिच्छेद- ३ सुरक्षा संयन्त्र अंगहरूको भूमिका** | | ९-११ |
| १३ | निर्देशक समिति | |
| १४ | कार्य समूहको भूमिका | |
| १५ | द्रूत उद्धार टोलीको भूमिका | |
| **परिच्छेद- ४ सुरक्षा संयन्त्रले चाल्न सक्ने कार्यवाहीहरू** | | १२-१३ |
| १६ | संरक्षणका उपायहरू | |
| १७ | अन्तरिम राहत | |
| १८ | प्रमाण सुरक्षित गर्ने | |
| १९ | दुर्व्यवहारमा रोक लगाउने | |
| २० | सार्वजनिक सुनुवाइ | |

२१ पुन:मेलमिलाप

२२ मध्यस्थता

**परिच्छेद- ५ प्रक्रियागत बिषयहरू** **१४**

२३ उजूरी सम्बन्धी व्यवस्था

२४ सूचना र उजूरीको व्यवस्थापन

२५ तामेली सम्बन्धी व्यवस्था

**परिच्छेद- ६ विविध** **१५**

२६ सुरक्षा संयन्त्रको कार्यालय

२७ उजूरीको स्थानान्तरण

२८ कानूनी सल्लाहसम्बन्धी प्रावधान

२९ निर्देशिका बमोजिम हुने

नेपाल सरकार कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय सिंहदरबार, काठमाडौं

कानून,न्याय तथा संसदीय मामिला मन्त्रालय,सिंहदरबार,काठमाडौं
प्रत्यायोजित विधायनको प्रकृति : निर्देशिका
दर्ता नं: ६६।०८२
दर्ता मिति: २०८२।११।२६

## प्रस्तावना

विचार र अभिव्यक्तिको स्वतन्त्रताको हक तथा अधिकारको उपभोगकर्ताको मानव अधिकार संरक्षणका लागि राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ को दफा ३२(२) ले प्रदान गरेको कार्यादेश बमोजिम राष्ट्रिय मानव अधिकार आयोगले अभिव्यक्ति स्वतन्त्रता संरक्षणका लागि सुरक्षा संयन्त्र गठन तथा कार्यविधि सम्बन्धी निर्देशिका, २०७५ जारी गरेको छ ।

## परिच्छेद- १

### प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ :**

(१) यस निर्देशिकाको नाम **"अभिव्यक्ति स्वतन्त्रता संरक्षणका लागि सुरक्षा संयन्त्र गठन तथा कार्यविधि निर्देशिका, २०७५"** रहेको छ ।

(२) यो निर्देशिका आयोगबाट पारित भएको मिति **२०७५/१२/२५** देखि लागु हुनेछ ।

**२. परिभाषा :** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामा,-

(क)"ऐन" भन्नाले राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ सम्झनु पर्छ ।

(ख)"नियमावली" भन्नाले राष्ट्रिय मानव अधिकार आयोग (उजूरी, कारवाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली, २०६९ सम्झनु पर्दछ ।

(ग) "आयोग" भन्नाले नेपालको संविधानको धारा २४८ बमोजिम गठित राष्ट्रिय मानव अधिकार आयोगलाई सम्झनुपर्छ ।

(घ) "पदाधिकारी" भन्नाले आयोगका अध्यक्ष र सदस्यहरूलाई सम्झनुपर्छ ।

(ङ) "मानव अधिकार" भन्नाले ऐनको दफा २ (च) बमोजिमको अधिकारलाई सम्झनु पर्दछ ।

(च) "अभिव्यक्तिको स्वतन्त्रता" भन्नाले मानव अधिकारको विश्वव्यापी घोषणा पत्र, १९४८ को धारा १९, नागरीक तथा राजनीतिक अधिकार विषयक अनुबन्ध, १९६६ को धारा १९ र नेपालको संविधानको धारा १७ र धारा १९ [1] बमोजिमको अधिकारलाई सम्झनु पर्छ ।

(छ) "अभिव्यक्तिको स्वतन्त्रतामाथि आक्रमण" भन्नाले पत्रकार वा अन्य व्यक्तिबाट उपदफा ङ र च बमोजिमको अधिकार प्रयोग गर्दा सोही कारणबाट निजमाथि कुनै व्यक्ति वा समूहले गरेको वा हुन सक्ने सामाजिक सञ्जाल सहित [2] जुनसुकै किसिमको आक्रमणलाई सम्झनुपर्छ ।

(ज) "आक्रमण" भन्नाले भौतिक लगायत डिजिटल स्पेशमा हुने आक्रमण [3] वा त्यससित सम्बन्धीत धम्की वा यौनजन्य प्रकृतिको आक्रमण वा धम्की समेतलाई सम्झनु पर्छ ।

---

[1] पहिलो संशोधनद्वारा थप

[2] ऐ.ऐ.

[3] ऐ.ऐ.

तर कानूनी कारवाही गरेको कारणबाट सृजना हुने मनोवैज्ञानिक त्रासलाई धम्कि वा आक्रमणको रुपमा लिन मिल्दैन ।

(झ) "संरक्षणका उपायहरू" भन्नाले सुरक्षा संयन्त्रबाट प्रत्यक्ष रुपमा वा अर्को पक्षको सहकार्यमा उपलब्ध गराइएको सुरक्षाका उपायहरूलाई सम्झनु पर्छ ।

तर त्यसमा ऐनको दफा ९ अनुरुप आयोगले सम्बिन्धत निकायलाई गरेको अन्तरिम आदेशानुसार सम्बन्धीत निकायले प्रदान गरेको अन्तरिम राहतलाई समावेश गरिनेछैन ।

(ञ) "कर्मचारी" भन्नाले आयोगमा कार्यरत सम्पूर्ण कर्मचारीलाई सम्झनु पर्छ ।

## परिच्छेद- २
## सुरक्षा संयन्त्र सम्बन्धी व्यवस्था

**३. सुरक्षा संयन्त्र गठन :**

(१) यस निर्देशिकाको दफा २(ङ),(च) बमोजिमको अधिकारको प्रत्यक्ष प्रयोग गर्ने पत्रकार एवं सञ्चारकर्मी समेतको मानव अधिकार एवम् विचार र अभिव्यक्तिको स्वतन्त्रताको संरक्षणको लागि राष्ट्रिय मानव अधिकार आयोगमा एक सुरक्षा संयन्त्रको गठन गरिने छ ।

(२) **सुरक्षा संयन्त्रमा देहायका अङ्गहरू रहनेछन् :-**

(क) सुरक्षा संयन्त्रलाई सञ्चालन र सुपरीवेक्षण गर्नको लागि एक **निर्देशक समिति** रहने छ । जसको प्रमुख जिम्मेवारी संयन्त्रको सञ्चालन गरी त्यसको सुपरिवेक्षण गर्नु रहेको छ ।

(ख) निर्देशक समितिको सामान्य निर्देशन र समन्वयमा सञ्चालन हुने गरी संयन्त्रमा एक **कार्यसमूह** (Task Force) रहनेछ । जसको प्रमुख जिम्मेवारी संयन्त्रको दैनिक क्रियाकलाप सञ्चालन गर्नु रहेको छ ।

(ग) स्थानीय तह (सामान्यतः जिल्लास्तर) मा एक **द्रूत उद्धार टोली** (Rapid Response Team–RRT) को गठन सुरक्षा संयन्त्रभित्र गरिने छ । द्रूत उद्धार टोलीले कुनैपनि पत्रकार वा अन्य व्यक्तिको अभिव्यक्तिको स्वतन्त्रता विरुद्धका घटनाहरूको बारेमा थाहा जानकारी पाउनासाथ आवश्यकता अनुसार द्रूत उद्धार सेवा उपलब्ध गराउने छ ।

(घ) द्रूत उद्धार टोलीमा निर्देशक समितिले तोकिदिएका व्यक्तिहरू रहनेछन् । जसले अभिव्यक्तिको स्वतन्त्रतामा भएका आक्रमणका बारेमा जानकारी पाउनसाथ आवश्यकता अनुसार द्रूत प्रतिकार्य उपलब्ध गराउने छन् ।

(ङ) द्रूत उद्धार टोलीमा रहने व्यक्तिहरूले उद्धार तथा मानव अधिकार सम्बन्धी अनिवार्य तालीम प्राप्त गरेको हुनु पर्नेछ ।

(३) उपदफा (२) मा उल्लेख गरिए बाहेक आयोगले यस कार्यविधि वा निर्देशिकाको अवलम्बन गरी प्रदेश वा स्थानीय तहमा अभिव्यक्ति स्वतन्त्रता संरक्षणको सन्दर्भमा समन्वय टोली गठन गरी वा नगरी अन्य कुनैपनि उपायद्वारा द्रूत उद्धार टोलीलाई सहयोग पुऱ्याउन सक्नेछ ।

### ४. सुरक्षा संयन्त्र स्थापनाको उद्देश्य :

क) कुनै पनि कारणबाट पत्रकार, सञ्चारकर्मी मिडिया कर्मचारी , पत्रकारको परिवार र पत्रकारको सम्पत्ति माथी [४] एवम् अन्य व्यक्तिको अभिव्यक्ति स्वन्तन्त्रतामाथि आक्रमण भएमा वा आक्रमणको जोखिम भएमा त्यस्तो व्यक्तिलाई संरक्षण प्रदान गर्नु ।

ख) घटनाका सम्बन्धमा आवश्यक प्रमाणहरूको तत्काल संरक्षण गर्दै अभिव्यक्तिको स्वतन्त्रताको संरक्षण गरी दण्डहीनताको प्रवृत्तिलाई नियन्त्रण गर्नु ।

ग) अनुगमन,अनुसन्धान तथा जनचेतनालगायतका माध्ययमबाट अभिव्यक्ति स्वतन्त्रताको अभिवृद्धि गर्दै अभिव्यक्ति स्वतन्त्रतामाथि हुने आक्रमण निवारणको प्रयास गर्नु ।

### ५. निर्देशक समितिका पदाधिकारीहरू :

(१) उपदफा ३(२) बमोजिमको निर्देशक समितिमा देहाय अनुसारका सात सदस्यहरू रहने छन् :-

(क) राष्ट्रिय मानव अधिकार आयोगद्वारा मनोनित आयोगका एक जना सदस्य - संयोजक

(ख) प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, कानून तथा मानव अधिकार प्रबर्द्धन महाशाखाका सहसचिव -सदस्य

(ग) नेपाल प्रहरी प्रहरी नायब महानिरिक्षक- सदस्य

(घ) नेपाल पत्रकार महासङ्घको अध्यक्ष सहित मनोनित एक जना महिला सहित दुई जना निर्वाचित पदाधिकारीहरू - सदस्य[५]

(ङ) नेपाल बार एसोसिएसनको अध्यक्ष[६] - सदस्य

(च) आयोगको कानून, अनुसन्धान तथा अनुगमन विभाग प्रमुख- सदस्य-सचिव

(२) उपदफा (१) को खण्ड (घ) र (ङ) बमोजिम मनोनित सदस्यहरूको पदावधि मनोनित भई आएका संस्थामा निजहरूको निर्वाचित अवधि रहेसम्म कायम रहनेछ । साथै निर्देशक समितिले आवश्यकता अनुसार अभिव्यक्ति स्वतन्त्रता र सञ्चार विज्ञ, सुरक्षाविज्ञ, मानव अधिकार रक्षक, सरकारी निकायका प्रतिनिधि वा व्यक्तिलाई निर्देशक समिति/कार्यसमुहमा आमन्त्रीत सदस्यको रुपमा वैठकमा आमन्त्रण गर्न सक्नेछ । [७]

(३) निर्देशक समितिका पदाधिकारीहरूको योग्यता देहाय बमोजिम हुनेछः

क) सार्वजनिक सेवाप्रति प्रतिबद्ध रही विगतमा मानव अधिकारको संरक्षण र सम्बर्द्धनमा सम्मान प्रदर्शन गरेको ।

ख) आयोगको अनुगमन एवम अनुसन्धानबाट मानव अधिकारको उल्लङ्घन वा दुरुत्साहनमा संलग्न रहेको नदेखिएको ।

---

[४] पहिलो संशोधनद्वारा थप

[५] ऐ.ऐ.

[६] ऐ.ऐ.

[७] ऐ.ऐ.

ग) हिंसात्मक अपराध वा नैतिक पतन हुने फौजदारी अपराधमा दोषी ठहर नभएको, वा दोषी मुकरर भई सजाय भुक्तान गरेको कम्तिमा पाँच बर्ष समय व्यतित गरेको ।

(४) सदस्यको पद देहायको कुनै अवस्थामा रिक्त हुनेछ :

क) निर्देशक समिति समक्ष निजले लिखित राजिनामा दिएमा ।

ख) आयोगले निर्धारण गरेअनुसार दफा ५ को उपदफा (३) अनुसार उल्लङ्घन गरेका कारण पद धारणा गर्न योग्य नरहेमा ।

ग) मृत्यु भएमा ।

घ) सदस्यहरूको आचार संहिताको गम्भीर उल्लङ्घन गरेको भनी अन्य सदस्यहरूको दुई तिहाई मतले प्रमाणित गरेमा, तर त्यस्तो आरोप लागेको सम्बन्धीत पदाधिकारीलाई सुनुवाईको अवसर प्रदान नगरी पदबाट मुक्त गरिने छैन ।

ङ) उपनियम ५(१) बमोजिम समितिमा रहने पदाधिकारीहरूको अवधि समाप्त भएमा, सरुवा भएमा वा निर्वाचनबाट संस्थागत पदिय हैसियत प्रतिस्थापन भएमा ।

**६. निर्देशक समितिको बैठक :**

(१) निर्देशक समितिको हरेक चार[८] महिनामा कम्तिमा एक पटक र आवश्यकता अनुसार जुनसकै समयमा पनि बैठक बस्न सक्नेछ ।

(२) निर्देशक समितिको बैठक संयोजकले तोकेको मिति, समय र स्थानमा बस्नेछ । तर कम्तिमा ५१ प्रतिशत सदस्यले अनुरोध गरेमा संयोजकको निर्देशन बमोजिम कम्तिमा २४ घण्टाको पूर्व सूचना दिई सदस्य सचिवले जुनसकै समयमा बैठक बोलाउन सक्नेछ ।

(३) निर्देशक समितिको नियमित बैठकको सूचना सदस्य सचिवले सबै सदस्यहरूलाई बैठक बस्नुभन्दा कम्तिमा सात दिन पहिले जानकारी गराउनु पर्नेछ । त्यसरी जानकारी गराउँदा सूचनामा मिति, समय, स्थान र छलफलका विषहरू समेत समावेश गरिएको हुनुपर्नेछ ।

(४) उपदफा (३) बमोजिमको व्यवस्था आपतकालीन बैठकको सन्दर्भमा लागू हुने छैन । त्यस्तो आपतकालीन बैठकको सूचना सकेसम्म छिटो माध्यमबाट उपलब्ध गराइनेछ ।

(५) निर्देशक समितिको बैठकको अध्यक्षता संयोजकले गर्नेछ । तर आपतकालीन बैठक बस्नु पर्ने अवस्था सिर्जना भई संयोजक उपस्थित हुन नसक्ने अवस्था भएमा त्यस्तो बैठकको अध्यक्षता समितिका अन्य पदाधिकारीहरू आफैंले सदस्यहरूमध्येबाट चयन गरेका पदाधिकारीबाट हुनेछ ।

(६) निर्देशक समितिको बैठकका लागि गणपूरक संख्या चार हुने छ ।

(७) निर्देशक समितिका निर्णयहरू यथासम्भव सहमतिको आधारमा हुनेछ । तर मतदान गर्नु परेको अवस्थामा बैठकमा उपस्थित सदस्यहरूको सामान्य बहुमतको आधारमा निर्णय गरिने छ र मत समान भएको अवस्थामा अध्यक्षले निर्णायक मत दिनेछ ।

---

[८] पहिलो संशोधनद्वारा थप

(८) सबै बैठकका निर्णयहरूलाई सदस्य सचिवले निर्देशक समितिले स्वीकृत गरेको ढाँचामा अभिलेख गराउने र मस्यौदा टिपोटलाई सचिव र अध्यक्षले हस्ताक्षर गरी अर्को बैठकमा पारित गरिनेछ ।

(९) निर्देशक समितिले आवश्यकता अनुसार बैठकसम्बन्धी अन्य कार्यविधि अवलम्बन गर्नेछ ।

**७. निर्देशक समितिका सदस्यहरूका लागि आचार संहिता :**

निर्देशक समितिका सदस्यहरूले देहाय अनुसारको आचार संहिताको पालना गर्नुपर्ने छ :

(१) समितिका सदस्यहरूले सुरक्षा संयन्त्रको सफलताको लागि असल नियतका साथ गम्भीर, निष्पक्ष, तटस्थ र व्यावसायिक भई कार्य गर्नुपर्नेछ ।

(२) सदस्यहरू बीच एकअर्कामा खुला र पारदर्शी व्यवहार हुनु पर्नेछ । छलफलको विषयका लागि सान्दर्भिक कुनै पनि सूचना अन्य सदस्यलाई जानकारी गराउनु पर्नेछ ।

(३) सदस्यहरूबाट प्रचलित ऐन, नियम र आयोगको मान्यता अनुसार सम्बोधन भइरहेको वा सम्बोधन भइसकेको विषयका सन्दर्भमा पदमा रहँदा वा नरहँदा समेत गोपनियता कायम राख्नु पर्नेछ ।

(४) सदस्यहरूले तेस्रो पक्षबाट कुनै पुरस्कार वा वित्तीय वा अन्य लाभ स्वीकार गर्ने इच्छा अभिव्यक्त गरी समितिबाट अनुमति प्राप्त गर्नु अघि त्यस्तो पुरस्कार वा लाभ स्वीकार गर्ने छैनन् ।

(५) निर्णय गर्नुपर्ने कुनै पनि विषयमा कुनै पनि सदस्यको हित वा सम्भावित हित बाझिएको वा बाझिने अवस्था भएमा त्यस्तो सदस्यले प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा त्यस्तो बैठकमा भाग लिन हुँदैन ।

(६) कुनै पनि सदस्य यो आचार संहिताको पालना र सम्मान गर्न असफल भएमा त्यस विषयमा समितिमा रहेका अन्य सदस्यहरूले सो विषयमा छलफल गरी निष्कर्षमा पुग्न सक्नेछन् । तर त्यस्तो सदस्यलाई सुनुवाईको अवसर प्रदान नगरी चेतावनी दिने, निलम्बन गर्न पाइने छैन ।

(७) पर्याप्त सुनुवाईको मौका दिएपछि आचार संहिताको गम्भीर उल्लङ्घन भएको ठहरेमा समितिको दुई तिहाई मतद्वारा निर्देशक समितिले त्यस्तो सदस्यलाई हटाउन सक्नेछ ।

**८.कार्य समूह :**

(१) अभिव्यक्ति स्वतन्त्रता संरक्षण गर्नका लागि पाँच सदस्यीय एक कार्य समूहको गठन हुने छ । जसमा निम्न बमोजिमका सदस्यहरू रहने छन् :-

क) आयोगको कानून, अनुसन्धान तथा अनुगमन विभागका प्रमुख - संयोजक

ख) नेपाल पत्रकार महासङ्घद्वारा मनोनित प्रतिनिधि-सदस्य

ग) नेपाल बारएसोसिएनद्वारा मनोनित प्रतिनिधि-सदस्य

घ) गैसस महासङ्घद्वारा मनोनित मानव अधिकार रक्षक प्रतिनिधि-सदस्य

ङ) आयोगको अन्तर्राष्ट्रिय सन्धि अनुगमन महाशाखा प्रमुख-सदस्य-सचिव

(२) कार्य समूहको बैठक तीन[९] महिनामा कम्तिमा एक पटक बस्नेछ। तरतत्काल उद्धार गर्नुपर्ने किसिमका कुनै घटनाहरू भएको वा हुनसक्ने विश्वसनीय सुचना प्राप्त भएमा आवश्यकता अनुसार जुनसुकै समयमा पनि बस्न सक्नेछ।

(३) बैठकको आव्हान कार्य समितिको संयोजकले गर्नेछ र बैठकको विषय सदस्य सचिवले अन्य सदस्यहहरूलाई सूचित गर्नेछ।

(४) कार्य समूहका सहभागीहरूले कार्य समूह र द्रूत उद्धार टोलीको आचार संहिताको पालना गर्नेछन्।

(क).अभिव्यक्ति स्वतन्त्रता संरक्षणका लागि प्रत्येक प्रदेशमा ७ सदस्यीय कार्यसमुहको गठन हुने छ। जसमा निम्न सदस्यहरु रहने छनः-

१. आयोगको प्रादेशिक कार्यालय प्रमुख -संयोजक

२.प्रदेश मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयको प्रतिनिधि-सदस्य

३. प्रदेश मुख्य न्यायाधिवक्ता कार्यालयको प्रतिनिधि - सदस्य

४. प्रदेश प्रहरी कार्यालयको प्रतिनिधि - सदस्य

५. नेपाल पत्रकार महासंघ प्रदेश समितिको अध्यक्ष - सदस्य

६. उच्च अदालत वार एशोसिएसनको अध्यक्ष - सदस्य

७. गैसस महासंघ प्रदेश कार्यसमितिले तोकेको महिला प्रतिनिधि-सदस्य

प्रदेश कार्य समूहको संयोजकले आवश्यक देखेका सम्बन्धीत क्षेत्रको सरकारी निकायको प्रतिनिधि, अभिव्यक्ति स्वतन्त्रताको संरक्षणमा कृयाशिल संस्थाको प्रतिनिधि, संचार विज्ञ, मानव अधिकार रक्षक, सुरक्षा विज्ञ वा कुनै व्यक्तिलाई वैठकमा आमन्त्रित सदस्यको रुपमा आमन्त्रण गर्न सक्नेछ। कार्य समुहको वैठक कम्तीमा दुई महिनामा एक पटक बस्नेछ। सोको प्रतिवेदन निर्देशक समिति र कार्य समूहमा पठाउनु पर्नेछ।[१०]

**९.द्रूत उद्धार सञ्जाल :**

(१) द्रूत उद्धार कार्य सञ्चालन गर्नको लागि निर्देशक समितिले यथासम्भव नेपालका सबै जिल्लामा अभिव्यक्ति स्वतन्त्रता सञ्जाल निर्माण गर्नको लागि व्यक्तिहरूको सूची निर्माण गर्नेछ।

(२) यसरी निर्माण गरिएको सूची भित्रबाट जिल्लामा द्रूत उद्धारसञ्जाल निर्माण गरिने छ।

(३) यसरी गठित सञ्जालबाट द्रूत उद्धार टोली गठन गरी अभिव्यक्तिको स्वतन्त्रतामाथि आक्रमण भएका घटनामा शीघ्र उद्धार कार्य गर्नेछ।

(४) द्रूत उद्धार सञ्जालमा कम्तीमा एक तिहाई महिला सदस्यहरू रहनेछन्।

(५) द्रूत उद्धार टोलीलाई आवश्यक सहयोग गर्नको लागि केन्द्रमा उच्च स्तरीय द्रूत उद्धार टोली गठन हुन सक्नेछ। जसले घटना र परि स्थितिको आधारमा जिल्ला स्तरीय द्रूत उद्धार टोलीलाई सहयोग गर्नेछ।

(६) द्रूत उद्धार टोलीमा रहने सदस्यहरूले निम्न शर्तहरू पुरा गरेको हुनु पर्नेछ :

[९] पहिलो संशोधनद्वारा थप

[१०] ऐ.ऐ.

क) मानव अधिकार तथा अभिव्यक्ति स्वतन्त्रता सम्बन्धमा अनिवार्यरुपमा आधारभूत तालीम प्राप्त गरेको ।

ख) देहायका शर्तहरू पूरा गरेको

अ) कार्य समूह र द्रूत उद्धार टोलीको आचार संहिता पालना गर्ने लिखित प्रतिबद्धता व्यक्त गरेको ।

आ) कुनै पनि द्रूत उद्धार टोलीमा सहभागी भए वापत टोली सदस्यहरूले पीडित पक्ष वा उक्त पक्षसित सम्बन्धीत अन्य कुनै व्यक्तिबाट आर्थिक लाभ लगायत कुनै किसिमको लाभ नलिने नउठाउने प्रतिबद्धता व्यक्त गरेको ।

ग) द्रूत उद्धार टोलीमा रहने सदस्यले आफ्नो कार्य सम्पन्न गर्दा निष्पक्षता र तटस्थतालाई अनिवार्य रुपमा प्रदर्शन गर्नुपर्नेछ ।

घ) आफ्नो स्वार्थ जोडिएको वा बाझिएको कुनैपनि घटनामा संलग्न हुनु हुँदैन ।

(७) द्रूत उद्धार सञ्जालमा समावेश गराउने प्रयोजनको लागि हुने तालीम कार्यक्रमका सहभागिहरूको छनौट सामान्यतः निर्देशक समितिले गर्नेछ । यस कार्यमा संस्थागत प्रतिनीधित्व गर्ने नेपाल पत्रकार महासङ्घ, नेपाल बार एसोसिएसन र गैसस महासङ्घले तालीम प्रयोजनको लागि प्रतिनिधि छनौट गरी पठाउन सक्नेछन् ।

**१०.द्रूत उद्धार टोली :**

(१) द्रूत उद्धार टोलीमा द्रूत उद्धार सञ्जाल भित्र रहेका व्यक्तिहरू मध्ये कम्तिमा एक जना महिला सहित तीन जना व्यक्ति रहनेछन् ।

(२) यसरी गठन हुने हरेक टोलीमा नेपाल पत्रकार महासङ्घ, नेपाल बार एसोसिएसन र गैसस महासङ्घबाट एक-एक जना प्रतिनीधि रहनेछन् ।

(३) द्रूत उद्धार टोलीको नेतृत्व सामान्यतः आयोगको अधिकृत स्तरको कर्मचारीले गर्नेछ । तर कुनै विशेष अवस्था परि आयोगको कर्मचारी उपस्थित हुन सम्भव नभएको अवस्थामा आयोगको कर्मचारी बाहेकको पनि टोली गठन गरि त्यसलाई आधिकारिकता प्रदान गर्नेछ ।

**११.कार्य समूह र द्रूत उद्धार टोलीका लागि आचार संहिता**

(१) कार्यसमूह र द्रूत उद्धार टोलीमा संलग्न व्यक्तिहरूले देहाय बमोजिमको आचारण पालना गर्नु पर्नेछ ।

क) हरसमय निष्पक्षता, तटस्थता, निष्ठा र व्यावसायिकता प्रदर्शन गर्ने ।

ख) आफूले गर्नुपर्ने कार्यको बारेमा पर्याप्त जानकारी राख्ने र सो जानकारी टोलीका अन्य सदस्यबीचमा पनि प्रवाहित गर्ने ।

ग) आयोगले अनुगमन तथा अनुसन्धानको लागि जारी गरेको आचार संहिता पालना गर्दै गोपनियता कायम राख्ने ।

घ) स्थलगत रुपमा काममा खटिएको अवस्थामा आफ्नो र टोलीको सुरक्षा वा जोखिमप्रति सधैं सचेत रहने ।

ङ) मानव अधिकार सम्बन्धी प्रचलित कानूनी व्यवस्था, फौजदारी कानून सम्बन्धी व्यवस्थाको बारेमा आफूलाई अद्यावधिक गराउने ।

च) टोली भित्र वा बाहिरका सरोकारवाला व्यक्तिहरूसँग छलफल वा विचारको आदानप्रदानमा संलग्न हुँदा सदैव आफ्नो विचार र धारणा स्पष्ट, संयमित र निष्पक्ष ढंगबाट प्रस्तुत गर्ने ।

छ) आफूले गर्ने र गरेका सबै कार्यलाई विश्वसनीय रहेको सुनिश्चित गर्ने ।

ज) टोलीका तर्फबाट अनुगमन, अनुसन्धान र/वा सम्भावित मानव अधिकारको उल्लङ्घनको विश्लेषणसहितका क्रियाकलापहरूगर्दा अनिवार्य रुपमा व्यावसायिकता प्रदर्शन गर्ने ।

(२) **कार्य समूह र द्रूत उद्धार टोलीमा संलग्न व्यक्तिहरूले देहायको काम गर्नु हुँदैन :**

क) गैरकानूनी कार्य गर्ने, सामाजिक मुल्य मान्यताको सम्मान नगर्ने वा नैतिक पतनमा योगदान पुऱ्याउने ।

ख) अरुको आलोचना गर्ने ।

ग) टोलीको सदस्यका रुपमा कार्यरत रहँदा कुनै राजनीतिक दल वा त्यस्तो दलको भातृ संगठनसँग कुनैपनि प्रकारको आबद्धता वा सामिप्यता प्रदर्शन गर्ने ।

घ) तथ्यगत आधार नभएको विषयमा दावी गर्ने ।

ङ) अरुसँग कुराकानी गर्दा बलजफ्त वा आक्रामक शब्दावली प्रयोग गर्ने ।

च) टोलीका तर्फबाट क्रियाकलापहरू सञ्चालन गर्दा अनुसन्धान भइरहेको विषय वा पक्ष समेत तेस्रो पक्षलाई अनावश्यक दवाब दिने ।

छ) अनुसन्धान वा द्वन्द्वको समाधानमा प्रभावित गर्ने गरी सार्वजनिक रुपमा वा सञ्चार माध्यममा वक्तव्य दिने ।

ज) तेस्रो पक्षबाट कुनै पुरस्कार वा आर्थिक वा अन्य लाभ स्वीकार गर्ने ।

झ) राष्ट्रिय मानव अधिकार आयोगको निष्पक्षता, तटस्थता र प्रतिष्ठामा आँच आउने गरी कुनै कार्य गर्ने ।

**१२.सुरक्षा संयन्त्र अंगका अधिकारहरू :**

(१) अभिव्यक्तिको स्वतन्त्रताको संरक्षण र सम्बर्द्धनको सन्दर्भमा खटिने सुरक्षा संयन्त्रले आयोगका मानव अधिकार उल्लंघनका घटनाहरूमा अनुसन्धान र अनुगमन गर्न खटाइने टोली सरहको अधिकार प्रयोग गर्न सक्नेछ ।

(२) उपदफा (१) मा उल्लेख गरिएका अधिकार भित्र निम्न विषयहरू समावेश हुनेछन:

(क) आयोगलाई भए सरहको छानबिन र अनुसन्धान गर्ने ।

(ख) घटना स्थलमा भ्रमण गरेर छानबिन र अनुसन्धान गर्ने ।

(ग) प्रमाणलाई नष्ट हुनबाट बचाउने र रोक्ने अधिकार ।

(घ)कुनै घटनालाई प्रमाणित गर्न सार्वजनिक निकायको सहयोग प्राप्त गर्ने ।

(ङ) समयमा नै छानविन तथा अनुसन्धान प्रतिवेदन तयार गर्ने ।

(च) अनुसन्धान र त्यसमा संलग्न क्रियाकलापहरूको अभिलेख राख्ने ।

(छ) स्थलगत भ्रमण, नीरिक्षण र अनुसन्धान गर्ने ।

(ज) प्रमाण संकलन गर्ने ।

(झ) अन्तक्रिया र छलफल आयोजना गर्ने ।

(ञ) आयोगको सम्बन्धीत कार्यालयमा साक्षीहरूलाई आमन्त्रण गर्ने ।

(ट) पीडित र अन्य सम्बन्धीत व्यक्तिहरूको बयान लिने ।

(ठ) क्षतिको मुल्याङ्कन गरी त्यसका लागि राष्ट्रिय मानव अधिकार आयोग ऐन र नियमावली बमोजिम उपचार वा राहतकोलागि सिफारिस गर्ने ।

## परिच्छेद- ३
## सुरक्षा संयन्त्रका अंगहरूको भूमिका

**१३.निर्देशक समिति :**

(१) नेपालको संविधान र राष्ट्रिय मानव अधिकार आयोग ऐनको सीमा भित्र रही सुरक्षा संयन्त्रका क्रियाकलापहरूको सुपरिवेक्षण, निर्देशन र संयन्त्रहरूले आफ्ना उद्देश्यहरू पूरागरेको सुनिश्चित गर्नु ।

(२) आयोगको संवैधानिक, कानूनी र नीति मुताविक निर्देशक समितिले आफ्नो जिम्मेवारी पूरा गर्न उपदफा (१) को अतिरिक्त देहाय कार्य गर्ने छ :

क) कार्य समूहको कामलाई सहयोग र व्यवस्थित गर्न आयोगको कानूनी तथा नीतिगत ढाँचा अनुरुप प्रक्रिया र अन्य सान्दर्भिक नियमहरू अवलम्बन गर्ने ।

ख) कार्य समूहको सहयोगमा द्रूत उद्धार सञ्जालमा समावेश हुनका लागि पूर्वसर्तका रुपमा राखिएको तालीमका लागि व्यक्तिहरूको छनौट गर्ने र द्रूत उद्धार सञ्जालका लागि स्वीकृत भएका व्यक्तिहरूको सूची कायम गर्ने ।

ग) कार्यटोलीको प्रतिवेदनलाई त्यसको नियमित बैठकमा प्राप्त गरी समीक्षा गर्ने, र अनुसन्धान भइरहेको (दीर्घकालीन) मुद्दा, संरक्षण कार्यको व्यवस्था र उजूरीको समाधानका विषयमा निर्देशन र नेतृत्व प्रदान गर्ने ।

घ) अभिव्यक्तिको स्वतन्त्रतामाथिको उच्च तहको वा विशेषगरी जटील वा संवेदनशील आक्रमणलाई सम्बोधन गर्न आपतकालीन रुपमा उच्च तहको उद्धार टोली गठन गर्ने ।

ङ) सुरक्षा संयन्त्रको उद्देश्यहरूको उपलब्धिलाई प्रवर्द्धन गर्न ऐनको दफा १८ र आयोगको सहकार्य नीति अनुरुप राष्ट्रिय वा अन्तर्राष्ट्रिय गैसस वा अन्तरसरकारी निकायहरूसँग सहकार्य गर्ने ।

च) सुरक्षा संयन्त्रको उद्देश्यहरूको उपलब्धिलाई प्रवर्द्धन गर्न आयोगलाई सुझाव तथा सल्लाह प्रदान गर्ने ।

(३) निर्देशक समितिले सुरक्षा संयन्त्रको क्रियाकलापहरूबारे आयोग समक्ष बार्षिक प्रतिवेदन बुझाउने ।

(४) समितिले आवश्यक ठानेमा वा आयोगले उपलब्ध गराउन भनेको अवस्थामा अन्य प्रतिवेदनहरू बुझाउने ।

(५) निर्देशक समितिले आयोगको नियमित बजेट र अन्य स्रोतबाट प्राप्त भए अनुसारको सुरक्षा संयन्त्रको बजेटको वित्तीय व्यवस्थापन ऐन तथा आयोगको निर्देशन बमोजिम गर्नेछ ।

(६) निर्देशक समितिका सदस्यहरूलाई उपलब्ध गराइने सेवा तथा सुविधाहरू आयोगले तोके बमोजिम हुनेछ ।

## १४. कार्य समूहको भूमिका :

(१) कार्य समूहले निर्देशक समितिको सुपरिवेक्षण र निर्देशनमा सुरक्षा संयन्त्रका दैनिक क्रियाकलापहरू सञ्चालन गर्ने ।

(२) अभिव्यक्तिको स्वतन्त्रमाथिको आक्रमणसम्बन्धी प्राप्त कुनैपनि सूचनाका आधारमा आवश्यकता अनुसार तत्काल र अल्पकालीनसम्बोधन गर्ने ।

(३) अभिव्यक्तिको स्वतन्त्रतामाथिको आक्रमण बारे जानकारी प्राप्त भएपछि, कार्यटोलीको सदस्य सचिवले त्यस्तो सूचनामा आपतकालीन उद्धार गर्नुपर्ने नपर्ने विषयमा तत्काल समीक्षा गर्नेछ ।

(४) त्यसरी समिक्षा गर्दा त्यस्तो सूचना आपतकालीन मुद्दा नभएको भन्ने सचिवलाई विश्वास भएमा, उसले सो सूचना कार्य समूहको तत्काल बस्ने बैठकमा प्रस्तुत गर्नेछ र कार्य समूहले त्यस सम्बन्धमा आवश्यक निर्णय गर्ने छ ।

(५) तर सचिवले त्यस्तो सूचना आपतकालीन भएको निष्कर्षमा पुगेमा निजले यथाशक्य सञ्चारको छिटो माध्यम (टेलिफोन, इमेल आदि) बाट कार्य समूहको आपतकालीन बैठक बोलाउने छ । जसले तत्काल वा अल्पकालीन कदम चाल्ने वा नचाल्ने सम्बन्धमा आवश्यक निर्णय लिनेछ ।

(६) पीडितलाई आपतकालीन कदम नचालिएमा थप क्षति वा नकारात्मक असर पर्ने सम्भावना रहेको वा अभिव्यक्तिको स्वतन्त्रतामाथि भएको आक्रमणसँग सम्बन्धीत प्रमाण नष्ट हुने सम्भावना रहेको देखिएमा कार्यटोलीले आपतकालीन कदम चाल्नेछ ।

(७) आपतकालीन कदम अन्तर्गत देहायका विषयहरू समावेश हुनसक्नेछन् :

क) घटना अत्यन्त जटील एवम् संवेदनशील प्रकृतिको भएको कारण आपतकालीन रुपमा निर्देशक समितिमा सिफारिस गर्ने ।

ख) प्रमाण सुरक्षित गर्ने, जोखिममा रहेको व्यक्तिको उद्दार गर्ने वा जोखिममा रहेको व्यक्तिका लागि अन्य संरक्षणका उपायहरू उपलब्ध गराउने जस्ता उपयुक्त कदम चाल्ने द्रूत उद्धार टोलीको गठन गर्ने ।

ग) आवश्यकता अनुसार आयोगको ऐन, नियम तथा निर्देशिका बमोजिम थप अनुसन्धान गर्ने ।

घ) मानवअधिकारको संरक्षण गर्न आयोगको कानूनी तथा नीतिगत ढाँचा अनुरुप आवश्यकता अनुसार अन्य आपतकालीन कदम चाल्ने ।

(८) अल्पकालीन कदममा देहायका विषय समावेश हुनसक्नेछन्:

क) मुद्दाका बारेमा आयोगको कानूनी तथा नीतिगत ढाँचा अनुरुप थप अनुसन्धान गर्ने ।

ख) यस निर्देशिकाको अध्याय ४ मा व्याख्या गरिए अनुसारको संरक्षण वा अन्य उपाय उपलब्ध गराउने ।

ग) मुद्दालाई निर्देशक समितिको विचार र कार्यवाहीका लागि सिफारिस गर्ने ।

(९) कार्य समूहले निर्देशक समितिले आवश्यक ठहऱ्याए अनुसार समितिसमक्ष प्रतिवेदन बुझाउने छ ।

(१०) कार्य समूहका सदस्यहरूलाई उपलब्ध गराइने सुविधा तथा लाभहरू निर्देशक समितिले तोके बमोजिम हुनेछ ।

**१५. द्रूत उद्धार टोलीको भूमिका :**

(१) कार्य समूह वा निर्देशक समितिले द्रूत उद्धार टोलीको गठन गरेको अवस्थामा त्यस्तो टोलीले आफ्नो कार्य आयोगको कानूनी तथा नीतिगत ढाँचा अनुरुप सम्पन्न गर्नेछ ।

(२) द्रूत उद्धार टोलीले त्यसको गठन गर्ने निकाय निर्देशक समिति वा कार्य समूहले आवश्यकता ठहऱ्याए अनुरुप प्रतिवेदन बुझाउने छ ।

(३) द्रूत उद्धारटोलीका सदस्यहरूलाई उपलब्ध गराइने सुविधा तथा लाभहरू निर्देशक समितिले तोकेबमोजिम हुनेछ ।

## परिच्छेद- ४
## सुरक्षा संयन्त्रले चाल्न सक्ने कार्यवाहीहरू

**१६.संरक्षणका उपायहरू :**

(१) सुरक्षा संयन्त्रको प्राथमिक उद्देश्य अभिव्यक्तिको स्वतन्त्रतामाथिको आक्रमणको जोखिममा रहेका वा आक्रमणको सामना गरेका व्यक्तिहरूलाई संरक्षणका उपायहरू उपलब्ध गराउनु हो ।

(२) संरक्षणका उपायहरू आपतकालीन आधारमा कार्य समूह वा द्रूत उद्धार टोलीमार्फत र कार्य समूहमार्फत अल्पकालीन रुपमा, र/वा निर्देशक समितिले दीर्घकालीन रुपमा प्रदान गर्न सक्नेछ ।

(३) यसका अलावा देहाय अनुसारका संरक्षणका उपायहरू वितरण गर्न सकिने छ :

क) आधारभूत सुरक्षा उपकरण (खतराको सूचना दिने (अर्लाम), सञ्चारका उपकरण

ख) प्रहरी वा तेस्रो पक्षको अनुगमन वा संरक्षण

ग) हेल्पलाईनमा पहुँच

घ) स्थानान्तरण

ङ) ऐनको दफा ९ अनुरुप उद्धार, च) तालीम

छ) व्यावसायिक सहयोग,

ज) मनोवैज्ञानिक परामर्शसहित स्थानान्तरण वा पुर्नस्थापना समेत ।

(४) संरक्षण कार्यक्रममा आवश्यक समर्थन गर्न आर्थिक र अन्य स्रोतको उपयुक्त प्रावधान सुनिश्चित गर्ने उद्देश्यले सुरक्षा संयन्त्रको सम्बन्धीत अङ्गले अन्य इच्छुक पक्षहरूसँग समन्वय गर्नेछ ।

(५) आवश्यकता अनुसार निर्देशक समितिले आयोगको समन्वयमा उपयुक्त संरक्षण सेवा (उद्दार र पुनर्स्थापन) प्रदान गर्न अन्य सरोकारवालाहरू वा सहयोगीहरूसँग सहकार्यका लागि आग्रह गर्न सक्नेछ ।

**१७. अन्तरिम राहत :**

(१) उपयुक्त घटनाहरूमा निर्देशक समितिले आयोगको समन्वयमा सम्बन्धीत निकायलाई कुनै पीडितका लागि तात्कालीन आधारमा अन्तरिम राहत उपलब्ध गराउन आदेश दिनको लागि आयोग समक्ष अनुरोध गरि पठाउनेछ ।

(२) त्यस्तो राहत ऐनको दफा ९ अनुरुप र राष्ट्रिय मानवअधिकार आयोग (उजूरी, कार्यवाही र क्षतिपूर्ति निर्धारण) नियमावली, २०६९ को नियम २०(१) अनुसार उपलब्ध गराइनेछ ।

**१८. प्रमाण सुरक्षित गर्ने :**

(१) सुरक्षा संयन्त्रले अभिव्यक्तिको स्वतन्त्रतामाथिको आक्रमणको प्रमाण सुरक्षित गरि राख्नु पर्नेछ ।

(२) आपतकालीन वा अल्पकालीन कार्य आवश्यकता भए अनुसार द्रूत उद्धार टोली वा अन्य पात्रबाट भएको सुनिश्चित गर्ने जिम्मेवारी कार्य समूहको हुनेछ ।

(३) निर्देशक समितिले प्रमाणलाई सुरक्षित गर्न आवश्यक कुनै पनि दीर्घकालीन कदम चालिएको निश्चित गर्न जिम्मेवार हुने छ ।

**१९. दुर्व्यवहारमा रोक लगाउने :**

कार्य समूह वा निर्देशक समितिले अभिव्यक्तिको स्वतन्त्रताको आक्रमण निरन्तर रहेको प्राथमिक प्रमाण पाएमा आयोगसँगको समन्वयमा सम्बन्धीत निकाय, पदाधिकारी वा व्यक्तिलाई आक्रमण ठहरिने कार्यलाई तत्काल रोक्न उपयुक्त आदेश जारी गर्न सक्नेछ ।

**२०. सार्वजनिक सुनुवाइ :**

अभिव्यक्तिको स्वतन्त्रतामाथिको आक्रमणका सम्बन्धमा निर्देशक समितिले आवश्यकता अनुरुप सार्वजनिक सुनुवाईको आयोजना गर्न सक्नेछ । त्यस्तो सार्वजनिक सुनुवाइ राष्ट्रिय मानव अधिकार आयोग (उजूरी, कार्यवाही र क्षतिपूर्ति निर्धारण) नियमावली, २०६९ बमोजिम हुनेछ ।

**२१.पुनःमेलमिलाप :**

अभिव्यक्तिको स्वतन्त्रतामाथिको आक्रमणको कुनै घटना सम्बन्धमा सम्बन्धीत पक्षले मेलमिलापका लागि आवेदन दिएमा, निर्देशक समितिले आयोगसँगको समन्वयमा राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ र राष्ट्रिय मानव अधिकार आयोग (उजूरी, कार्यवाही र क्षतिपूर्ति निर्धारण) नियमावली, २०६९ बमोजिम मेलमिलापका लागि प्रस्तुत गर्न सक्नेछ ।

**२२.मध्यस्थता :**

उपयुक्त भएको देखिएको अवस्थामा निर्देशक समितिलेअभिव्यक्तिको स्वतन्त्रतामाथि आक्रमण निम्त्याउने अर्न्तनिहित विवादलाई समाधान गर्न गैरबाध्यकारी मध्यस्थता (पुनःमेलमिलाप भन्दा फरक किनभने यो बाध्यकारी हुन्छ) गराउने प्रयास गर्न सक्नेछ ।

## परिच्छेद- ५
## प्रक्रियागत बिषयहरू

**२३. उजूरी सम्बन्धी व्यवस्था :**

(१) पीडित आफैं वा उसको तर्फबाट अन्य कसैले अभिव्यक्तिको स्वतन्त्रतामाथि आक्रमण भएको वा आक्रमणको जोखिम भएको विषयमा उजूरी दिन सक्ने छ ।

(२) उजूरी सोझै कार्य समूह समक्ष वा आयोगमातहतको कुनै कार्यालय मार्फत पनि गर्न सकिने छ, र त्यस्तो उजूरीका बारेमा कार्यालयले तत्कालै कार्य समूहलाई जानकारी गराउने छ ।

(३) उजूरीहरू यस निर्देशिकाको प्रावधानहरू अनुरुप भएको हदसम्म भर्पाइ र मौखिक आवेदन सहित राष्ट्रिय मानव अधिकार आयोग (उजूरी, कार्यवाही र क्षतिपूर्ति निर्धारण) नियमावली, २०६९ को मापदण्ड र प्रावधान अनुरुप सम्बोधन गरिनेछ ।

(४) अन्य कानून वा नियममा जे जस्तो उल्लेख गरिए तापनि, कुनै पनि उजूरी दर्ता गर्दा कुनै पनि शुल्क लाग्ने छैन ।

**२४. सूचना र उजूरीको व्यवस्थापन :**

(१) अभिव्यक्तिको स्वतन्त्रतामाथि आक्रमणसम्बन्धी सूचना र उजूरीलाई सम्बोधन गर्ने प्राथमिक जिम्मेवारी सुरक्षा संयन्त्रका सम्बन्धीत अङ्गहरूको हुनेछ ।

(२) मुद्दालाई आयोगको अन्य स्रोत परिचालन नगरी पर्याप्त मात्रा सम्बोधन गर्न सकिन्छ भन्ने धारणा अङ्गहरूको भएको अवस्थामा, उनीहरूले त्यही अनुरुप गर्नेछन् ।

(३) अङ्गहरूलाई आयोगको नियमित सूचना र उजूरी उद्धार प्रणाली परिचालन गर्नुपर्ने विश्वास लागेको अवस्थामा, उनीहरूले सो मुद्दालाई आयोगको सम्बन्धीत निकायसमक्ष सिफारिस गर्नेछन् ।

**२५. तामेली सम्बन्धी व्यवस्था :**

(१) सुरक्षा संयन्त्रको सम्बन्धीत अङ्ग कार्य समूह वा निर्देशक समितिले उजूरी वा सूचना प्राप्त गरेको अवस्थामा सो वैध नभएको वा सुरक्षा संयन्त्रको क्षेत्राधिकारभित्र नपर्ने देखिएमा अङ्गले सो विषय खारेज गर्न वा तामेलीमा राख्न सक्ने छ ।

(२) उजूरीमार्फत प्राप्त सूचना खारेज गरिएको वा तामेलीमा राखिएको अवस्थामा, कार्य समूह वा निर्देशक समितिले उजूरीकर्तालाई पन्ध्र दिन भित्र सूचित गर्नेछ । तर उजूरीमा गलत जानकारी उल्लेख गरिएको भनि सम्बन्धीत निकायले निर्धारण गरेको अवस्थामा यो प्रावधान लागू हुनेछैन ।

(३) कार्य समूहले कुनै विषय खोरज गरेको वा तामेलीमा राखेको अवस्थामा त्यसबारेमा निर्देशक समितिसमक्ष बुझाइने आगामी प्रतिवेदनमा समितिलाई त्यसबारेमा जानकारी गराउने छ ।

## परिच्छेद- ६
## विविध

**२६. सुरक्षा संयन्त्रको कार्यालय :**

१. सुरक्षा संयन्त्रको सचिवालय आयोगको केन्द्रीय कार्यालयमा रहने छ ।

२. आयोगको सहमतिमा सुरक्षा संयन्त्रले आयोगका अन्य कार्यालयहरूमा एकाईहरूको स्थापना गर्न सक्नेछ ।

**२७. उजूरीको स्थानान्तरण :**

निर्देशक समितिलाई कुनै विषय अन्य निकायको अधिकारक्षेत्र भित्र पर्छ वा सो विषयमा कुनै अदालत वा अन्य निकायले कार्यवाही चलाएमा पीडितले अझ राम्रो न्याय पाउँछ भन्ने कुरामा सन्तुष्ट भएमा, सो विषयलाई ऐनको दफा २२ अनुरुप सो अदालत वा अन्य निकायसमक्ष सिफारिस गर्न सक्नेछ ।

**२८. कानूनी सल्लाहसम्बन्धी प्रावधान :**

पीडितलाई कानूनी सल्लाह वा अर्को निकायको सहयोग आवश्यक भएको निर्देशक समितिको धारणा भएमा, त्यसले पीडितलाई सान्दर्भिक सूचना उपलब्ध गराउने वा कानूनी सहायता प्रदान गर्ने संस्था वा अन्य निकायसम्म पुग्न सहयोग पुर्‍याउन सिफारिस गर्नसक्ने छ ।

**२९. निर्देशिका बमोजिम हुने :**

यस निर्देशिकामा उल्लेखित कुनै विषय राष्ट्रिय मानव अधिकार आयोग ऐन र उजूरी कारवाही तथा क्षतिपूर्ति नियमावलीका कुनै व्यवस्थासँग बाझिएमा ऐन[११] बमोजिम हुनेछ ।

[११] पहिलो संशोधनद्वारा थप